बलेफी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक

पत्र सङ्ख्याः २०८२/८३
सूचना नं. : ३८

बागमती प्रदेश, नेपाल
"कृषि योग्य, व्यापारिक र पर्यटकीय ठाउँ, नवीन सोच सहितको समृद्ध बलेफी गाउँ"

मितिः २०८२/०७/१७

## वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सहायताका लागि निवेदन दिने सम्बन्धी सूचना !!!

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको मिति २०८२/०७/०३ गतेको सूचना अनुसार वैदेशिक रोजगारीमा गएर मृत्यु, अङ्गभङ्ग वा विरामी भई रोजगार बोर्डले कल्याणकारी कोष मार्फत शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका सामुदायिक एवं संस्थागत विद्यालयमा कक्षा १२ सम्म अध्ययनरत १८ वर्ष मुनिका छोराछोरीहरुले वैदेशिक रोजगार सन्तती छात्रवृत्ति पाउने जानकारी गराउँदै योग्य विद्यार्थीहरुले (वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८२) बमोजिम आ-आफ्नो विद्यालयमा २०८२ कार्तिक मसान्त भित्र निवेदन पेश गर्नुहुन साथै सम्बन्धित विद्यालयले यस्ता निवेदन प्राप्त भए पश्चात कार्यविधि बमोजिमको प्रक्रिया पुरा गरी गाउँ कार्यपालिकाको रोजगार सेवा केन्द्रमा आवश्यक कागजात सहित सिफारिस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**<u>आवश्यक कागजातहरुः</u>**

१. कामदारको राहदानीको प्रतिलिपि,
२. अध्ययन गरिरहेको कक्षा खुल्ने विद्यालयको सिफारिस,
३. अभिभावकको नागरिकताको प्रतिलिपि,
४. विद्यार्थी वा अभिभावकको चालु अवस्थामा रहेको बैंक खाता (चेकको प्रतिलिपि),
५. कामदारको मृत्यु दर्ताको प्रमाणपत्र वा अंगभंग वा गम्भीर विरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,
६. निवेदक र कामदार बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,
७. श्रमिक करार अवधिभित्रै अङ्गभङ्ग वा गम्भीर विरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,
८. छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

**<u>कागजात पेश गर्ने अन्तिम मिति</u>**ः २०८२ मंसिर ७ गतेसम्म

**<u>कागजात पेश गर्ने स्थान</u>**ः रोजगार सेवा केन्द्र, (बलेफी गाउँपालिका)

थप जानकारीको लागि यस बलेफी गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ ।
ज्ञानु तामाङ, रोजगार संयोजक, सम्पर्क नम्बरः ९८५१३५१२६९, ९८४९७९८३८३

.............................
(लोकेन्द्र बहादुर राई)
प्रमुख प्रशासकीय अधिकृत